☎०७१-५७०२२२
९८५७०१५१०९

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रूपन्देही

प.स. :२०८०।०८१
च नं :

**(वातावरण संरक्षण नियमावली २०७७ को नियम ९ को उपनियम (१) सँग सम्बन्धित)**
**जिल्लाको आवधिक वन व्यवस्थापनको योजना तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**
**(प्रकाशित मिति: २०८१/०१/३०)**

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला अन्तर्गत पर्ने समग्र वन क्षेत्रको दिगो व्यवस्थापन (संरक्षण,संवर्द्धन र सदुपयोग) का लागि आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ सम्म कार्यान्वयन गरिने वन व्यवस्थापनका प्रस्तावित क्रियाकलापहरु सहित ५ वर्षको आवधिक वन व्यवस्थापन कार्ययोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना !

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **क) नाम: डिभिजन वन कार्यालय, रुपन्देही ।**<br>**ख) ठेगाना: भैरहवा, रुपन्देही**<br>**ग) ईमेल: dforupandehi@gmail.com**<br>**घ) फोन नं. ०७१-५२०२२२**<br>**ङ) वेवसाइट: dforupandehi.gov.np** |
| प्रस्तावको व्यहोरा | **क) कार्यान्वयन हुने स्थान:** रुपन्देही जिल्ला अन्तर्गत पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र एवम् नदी उकास तथा खोला किनाराहरु ।<br>**ख) चार किल्ला** पूर्व: नवलपरासी वर्दघाट (सुस्ता पश्चिम) पश्चिम: कपिलवस्तु जिल्ला<br>उत्तर: पाल्पा र अर्घाखाँची जिल्ला, दक्षिण: भारतको उत्तर प्रदेश ।<br>**गं) प्रस्तावबारे सामान्य जानकारी :** रुपन्देही जिल्लामा पर्ने समग्र वन क्षेत्रको दिगो एवम् प्रभावकारी व्यवस्थापनका लागि आवधिक योजनामा समावेस गर्नुपर्ने क्रियाकलापहरु पहिचान गरी बार्षिक रुपमा कार्यान्वयन गरिने आवस्यक कार्यक्रमहरु एकिन गर्ने । ती क्रियाकलाप/कार्यक्रमहरु कार्यान्वयन गर्दा वार्षिक रुपमा संकलन एवम् निकासी गर्न सकिने वन पैदावारहरुको परिमाण निर्धारण गर्ने ।<br>**घ) लगानी:** रु ५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैयाँ मात्र) । (आवधिक योजना र प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन समेत)<br>**ङ) लगानीको किसिम:** डि.व.का. रुपन्देहीको बार्षिक कार्यक्रममा विनियोजित रकम ।<br>**च) अन्य खुलाउने:** यस आवधिक वन व्यवस्थापन कार्ययोजनामा प्रस्तावित कृयाकलापहरुको कार्यान्वयन गर्दा र उल्लेखित वन पैदावारहरुको संकलन गरी सदुपयोग गर्दा पर्यावरणमा पर्न सक्ने नकारात्मक असरहरुको पहिचान गरी असर न्यूनीकरणका उपायहरु प्रतिवेदनमा सुझाउने प्रयोजनको लागि पनि यो अध्ययन गर्न लागिएको हो । |

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत

CamScanner

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रूपन्देही

☎ ०७१-५७०२२२
९८५७०१५१०९

प.स. :२०८०।०८१
च नं :

| | |
|---|---|
| (प्रभाव पर्ने/ पर्न सक्ने जिल्ला/ न.पा./गा.पा. | रुपन्देही जिल्ला र यस जिल्ला अन्तर्गत पर्ने बुटवल उप महानगरपालिका, सैनामैना, देवदह, सिद्धार्थनगर, तिलोत्तमा, लुम्बिनी सांस्कृतिक नगरपालिकाहरु । गैडहवा, कन्चन, शुद्धोधन, रोहिणी, सियारी गाउपालिकाहरु । |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको भौतिक ,जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीमा पर्ने प्रभाव यकिन गर्न सबै स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव भए सो लिनका लागि यो सार्वजनिक सूचना जारी भएको मितिले १५ (पन्ध्र) दिन भित्र वन तथा वातावरण मन्त्रालय देउखुरी, प्रदेश वन निर्देशनालय, बुटवल वा निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

## लिखित राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

| | |
|---|---|
| प्रस्तावक निकायको नाम र ठेगाना | क) नाम: डिभिजन वन कार्यालय, ओमसतिया ४, रुपन्देही।<br>ख) ईमेल: dforupandehi@gmail.com<br>ग) फोन नं: ०७१ -५२०२२२ |
| परामर्शदाता संस्थाको नाम र ठेगाना | वन प्राविधिक समाज, अितवन ।<br>फोन: ९८५५०५२६६२<br>ईमेल: foschitwan@gmail.com |

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत

CamScanner